# सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन

सभाध्यक्षज्यू,

म सभाध्यक्षज्यूको अनुमतिले सामाजिक विकास समितिको चालु आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु ।

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ ले ब्यवस्था गरे बमोजिम स्थानीय तह गठन भई सञ्चालनमा रहेका छन् ।स्थानीय तहको कार्य सम्पादन व्यवस्थित गर्नको लागि हरेक स्थानीय तहमा विभिन्न विषयगत समिति रहने ब्यवस्था रहेको छ । सोहि बमोजिम यस शुद्धोधन गाउँपालिकामा पनि ५ वटा विषयगत समिति रहेका छन् । जसमध्ये समाजिक विकास समिति मूख्य समिति हो । यस समिति अन्तर्गत शिक्षा, युवा तथा खेलकुद,स्वास्थ्य,महिला वालवालिका तथा ज्येष्ठ नागरिक, आयुर्वेद एवं खानेपानी तथा सरसफाई शाखा रहेका छन्। सामाजिक विकास समितिले यी शाखा अन्तर्गत हुने कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको । यस समितिमा जन प्रतिनिधिहरुबाट संयोजक १, सदस्य २ जना, र अन्तर्गतका शाखा प्रमुखहरू पदेन सदस्यहरू रहने ब्यवस्था छ ।

## २. आवस्यकता एवं औचित्य

गाउँपालिकाको शाखागत हिसावले धेरै शाखाहरू रहेको यो समिति महत्वपूर्ण रहेको छ ।बार्षिक रूपमा अनिवार्य गर्नुपर्ने २ वटा गाउँसभामा लैजाने विभिन्न प्रस्तावहरू तयार गर्ने कार्य विषयगत समितिको हुन्छ ।बजेट अधिवेसन भनेर चिनिने वर्षे गाउँसभामा आगामी वर्षका लागि शाखागत रुपमा समितिको बार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण कार्यमा छलफल भई नीति निर्माण गर्नुपर्ने र नीति अनुसार कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्ने भएकोले स्थानीय तहमा तुलनात्मक रूपमा समाजिक विकास समितिको महत्व धेरै रहेको देखिन्छ ।यस समिति अन्तर्गत आ. व. २०८०/८१ को शाखागत प्रगति विवरण निम्नानुसार रहेको छ ।

**सभाध्यक्षज्यू,**

**३. शिक्षा यूवा तथा खेलकूद शाखा अन्तर्गत**

१. शिक्षा दिवस तथा उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न ।

२. स्थानीय विषयको पाठ्यपुस्तक हाम्रो शुद्धोधनको लेखन कार्य सम्पन्न भई छपाई प्रकियामा रहेको ।

३. आधारभूत तहस्तरीय परीक्षा संञ्चालन व्यवस्थापन कार्य सम्पन्न ।

४. वालमैत्री अभिभावक सचेतना कार्यक्रम (३ वटा विद्यालयहरूमा) सम्पन्न ।

५. मानसिक स्वास्थ्य, यौन हिंसा तथा लागू पदार्थ दुर्व्यसन बिरूद्धको सचेतना कार्यक्रम ३ वटा विद्यालयहरूमा सम्पन्न ।

६. क्याम्पस र विद्यालयमा अध्ययनरत १४१ जना विपन्न विद्यार्थीहरूलाई छात्रवृति वितरण कार्यक्रम सम्पन्न ।

७. आधारभूत तहस्तरीय प्रश्नपत्र तथा उत्तर कुञ्जिका निर्माण कार्यशाला सम्पन्न ।

८. विद्यालयहरूमा खेलकूद समाग्री वितरण कार्य सम्पन्न ।

९. शैक्षिक महोत्सव, राष्ट्रपती रनिङ्ग शिल्ड एवं अध्यक्ष खेलकूद कार्यक्रम सम्पन्न ।

१०. शैक्षिक अध्ययन अवलोकन भ्रमण कार्य सम्पन्न ।

११. चित्रकला तथा भजन प्रतियोगिता सम्पन्न ।

१२. शिक्षा दिवस तथा विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न ।

१३. फर्सीटिकर कप लगायत वडास्तरीय भलिबल,कपर्दी,क्रिकेट तथा फुटबल प्रतियोगिता सम्पन्न।

**सभाध्यक्षज्यू,**

**४. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत**

| क्र.स. | कार्यक्रम विवरण | लाभान्वित संख्या | तेस्रो चौमासिक प्रगति | कैफियत |
|---|---|---|---|---|
| १. | अपाङ्गता परिचयपत्र वितरण | जना | ५० | |
| २. | बालसुधार गृह रुपन्देहीलाई सहायता | | दाल, चामल, तेल, अण्डा, चिउरा लगायतका खाद्य सामग्री प्रदान गरिएको । | |

| | | | | |
|---|---|---|---|---|
| ३. | जेष्ठ नागरिक परिचयपत्र वितरण | जना | ३ | |
| ४. | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | जना | ७२ | ९० वर्षभन्दा माथिका |
| ५. | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | | १९३ सहभागी | वडास्तरीय सचेतनामूलक |
| ६. | ३२ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस | जना | २८ "क" वर्गका परिचयपत्र वाहकलाई | ७ वटै वडामा घरदैलो गरी वितरण |
| ७. | अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री ह्वील चियर वितरण | जना | ३ | |
| ८. | अपाङ्गता भएका व्यक्तिहरुका लागि शारीरिक परीक्षण तथा फिजियो थेरापी | जना | १४३ | अपाङ्ग बाल अस्पताल तथा पुनर्थापना केन्द्र बनेपासँगको समन्वयमा सम्पन्न |
| ९. | ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा वक्तृत्वकला कार्यक्रम सम्पन्न | जना | ३० | माध्यमिक विद्यालय स्तरका छात्राहरु सहभागी |
| १०. | अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री ह्वील चियर, वैशाखी, सेतो छडी र वाकर वितरण | जना | ७ | वडा नं. २,३,४ र ५ बाट माग भइ आएका व्यक्तिहरुलाई घरमै पुगेर वितरण गरिएको |

**सभाध्यक्षज्यू,**

**५. स्वास्थ्य शाखा अन्तर्गत**

१. शुद्धोधन गाउँपालिकाको सात वटा वडाहरुमा जेष्ठ नागरिक तथा अपाङ्ग भएका व्यक्तिहरुको घरमा गइ घरदैलो स्वास्थ्य सेवा प्रदान गर्ने कार्य सम्पन्न।

२. यस गाउँपालिकाको वडा नं २,३ र ४ लाई सम्पूर्ण प्रक्रियाहरु पुरागरी पूर्ण संस्थागत प्रसुती वडा घोषणा गर्ने कार्य सम्पन्न ।

३. नवजात शिशु र १००० दिनका आमा र ५ वर्ष मुनिका बालबालिकाहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै समता र पहुँच कार्यक्रम मार्फत समुदायलाई सशक्तिकरण गर्ने कार्य सम्पन्न ।

४. क्षयरोग मुक्त पालिका अभियानका विभिन्न क्रियाकलापहरु संचालन गरी कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

५. पूर्ण पोषणमैत्री गाउँपालिका अभियानको लागि बालबालिकाहरुको पोषण सम्बन्धि विभिन्न क्रियाकलापहरु गरी कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

६. सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धी गर्ने अभिप्रायले महिला स्वास्थ्य स्वयं सेविका पुनर्ताजगी तालिम सम्पन्न।

७. राष्ट्रिय अभियानका क्रियाकलापहरु (६महिना देखी ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम ,दादुरा रुवेला खोप कार्यक्रम,आइ.पि.भि खोप कार्यक्रम ,विद्यालय किशोरी आइरन कार्यक्रम )लगाएतका विभिन्न कार्यक्रमहरु सम्पन्न ।

८. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार ,मानवस्रोत साधन र तिनीहरुले प्रदान गर्ने सेवाको अवस्थाको बारेमा लेखाजोखा गरी न्युनतम सेवा मापदण्ड प्रणाली मार्फत मूल्याङकन कार्य सम्पन्न गरीयो ।

९. स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने तथ्याङ्कहरुको गुणस्तरीयता र सोको प्रयोग सम्बन्धमा RDQA गर्ने कार्य सम्पन्न गरियो ।

१०. मानसिक विरामीहरुको स्वास्थ्यलाई मध्यनजर गरी मानसिक रोग विशेषज्ञ डाक्टरद्वारा मानसिक रोगीहरुको चेक जाँच फलोअप गर्ने कार्य सम्पन्न ।

**आयुर्वेद शाखा अन्तर्गत**

१.आयुर्वेद औषधालयबाट OPD सेवा मार्फत ३९०१ जना बिरामीहरूलाई स्वास्थ्य उपचार तथा परामर्श सेवा प्रदान गरिएको ।

२.आयुर्वेद गाउँघर क्लिनिक वडा नं.१ शिसै र वडा नं.२ भुजौलीबाट गरी १५६२ जना नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गरिएको ।

३.जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।

४.बनगाई मा.वि., फर्साटिकर मा.वि.गरि १३८ जना शिक्षक तथा विद्यार्थीहरूलाई ३ दिन सम्म विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम सम्पन्न ।

५.आयुर्वेद औषधालय तथा गाउँघर क्लिनिकबाट ५३१ जना जेष्ठ नागरिकहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान ,एवं ६९ जना सुत्केरी आमाहरूलाई दुग्धबर्धक पोषणजन्य औषधी वितरण ।

६. ५९६ जना विरामीहरूलाई पूर्वकर्म स्नेहन/स्वेदन थेरापी सेवा उपलब्ध गराइएको।

## ६. समस्या एवं चुनौतिहरू

यस आ.व. २०८०/०८१ मा समितिको बैठक जम्मा ७ पटक बसेको छ । जनप्रतिनिधिहरूको कार्य ब्यस्तता,शाखामा कर्मचारीहरूको न्यूनता तथा अनिवार्य बैठक बस्नुपर्ने बाध्यात्मक व्यबस्था नभएकोले प्रायश: नीति तथा कार्यक्रम एवं बजेट माथि छलफल हुने अवस्थामा मात्र बैठक बस्ने परिपाटीको कारणले नियमित बैठक बसी शाखागत बिषयवस्तु माथि छलफल हुन सकेको छैन। शिक्षा युवा तथा खेलकुद शाखामा जम्मा २ जना कर्मचारी भएकोले काम ज्यादै बोझिलो देखिएको छ । विगत वर्ष देखि नै एकजना सहायक कर्मचारी थप गर्न अनुरोध गरिए तापनि हालसम्म कर्मचारी थप गर्न सकिएको छैन ।शाखागत हिसाबमा सबैभन्दा बढी बजेट व्यवस्थापन गर्नुपर्ने शाखा भएकोले कर्मचारी न्यून हुदाँ कार्यसम्पादन अति वोझिलो भएको छ ।

## ७. निष्कर्ष एवं सुझाव

सबै स्थानीय तहमा कानुनी व्यवस्था बमोजिम गठित समाजिक विकास समितिको महत्व सवैभन्दा वढी भएको प्रतित हुन्छ । शिक्षा क्षेत्र,युवा तथा खेलकुद क्षेत्र,स्वास्थ्य क्षेत्र,महिला बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र ,खानेपानी तथा सरसफाई एवं आर्युवेदिक उपचार पद्दति समेत समेटिएको समाजिक विकास समिति शुद्धोधन गाउँपालिकाको मेरूदण्डको रूपमा रहेको छ ।

अति महत्वपूर्ण शाखाहरूको व्यवस्थापन गर्नुपर्ने समितिमा पनि सोचे अनुसार कार्य सम्पादन गर्न सकिएको छैन ।यस समिति मार्फत शाखागत रूपमा निम्न सुझाव पेश गरिएको छ ।

१. शिक्षा युवा तथा खेलकुद शाखामा कर्मचारी संख्याको तुलनामा कार्यबोझ अधिक भएकोले १ जना सहायक कर्मचारी थप गर्नुपर्ने ।
२. समितिका संयोजक एवं सदस्यहरूलाई बैठक संञ्चालन,व्यवस्थापन नीतिगत छलफल सम्बन्धि क्षमता विकास तालिम सञ्चालन गर्नुपर्ने ।
३. कार्यपालिका एवं सभामा बार्षिक वा अर्धबार्षिक रूपमा पेश हुने विषयवस्तु बैठकबाट निर्णय गराई संयोजक मार्फत पेश भई छलफल एवं निर्णय हुने परिपाटी बसेमा समितिले अपनत्व लिने अवस्था देखिन्छ ।

**अन्त्यमा,**

यस शुद्धोधन गाउँपालिकाको १६ औं गाउँसभामा यस विषयगत समितको गतिविधिलाई प्रतिवेदनमा समेटी गाउँसभा समक्ष प्रस्तुत गर्ने कार्यसूची मिलाइदिनु भएकोमा सभाअध्यक्षज्यूलाई विशेष धन्यवाद् दिन चाहन्छु साथै धैर्यतापूर्वक सुनिदिनुभएकोमा सभासदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यू सम्पूर्णमा सामाजिक विकास समितिको तर्फबाट धन्यवाद साथै आभार प्रकट गर्दछु । आगामी दिनमा पनि यस समितिबाट तोकिएको क्षेत्र र काम कर्तव्य अनुसार नियमित रुपमा कार्यसम्पादन हुने जानकारी गराउदैं यहाँहरुको साथ-सहयोग प्राप्त हुने विश्वासक साथ यो प्रतिवेदन प्रस्तुती अन्त्य गर्दछु।

**समाजिक विकास समितिका पदाधिकारीहरू**

| | |
|---|---|
| १. श्री केशव प्रसाद अधिकारी | संयोजक |
| २. श्री टोल प्रसाद राना | सदस्य |
| ३. श्री जगदिश अहिर | सदस्य |
| ४. श्री समिर भण्डारी | सदस्य |
| ५. श्री प्रांशु ढकाल | सदस्य |
| ६. श्री लक्ष्मी खत्री | सदस्य |
| ७. श्री केशवराज भट्टराई | सदस्य |
| ८. श्री चन्द्रकान्त शर्मा | सदस्य सचिव । |

**धन्यवाद ।**

# विधेयक समितिको वार्षिक प्रतिवेदन

**सभाध्यक्षज्यू,** म सभाध्यक्षज्यूको अनुमतिले विधेयक समितिको चालू आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्दछु।

**पृष्ठभूमिः**

विधेयक कानूनको लघुरुप हो। कुनै पनि व्यक्ति, समाज, र राष्ट्र व्यवस्थित रुपमा सञ्चालनको लागि कानूनको आवश्यकता पर्दछ। संगठन व्यवस्थापन तथा सञ्चालन गर्ने क्रममा आइपर्ने बाधाहरु तथा समस्याहरुलाई सहजरुपमा समाधान गर्ने, कार्य सम्पादन गर्ने तौर तरिका, विधि, प्रकृया, नियम तथा सिद्धान्तहरुको समग्र रुप नै कानून हो।

**कानूनको महत्वः**

- कार्य सम्पादनलाई सरलीकृत गर्न,
- समाजमा शान्ति, सु-व्यवस्था अमनचयन कायम गर्न,
- सामाजिक न्याय र समानताको प्रत्याभूत गर्न,
- समाजमा सत्य, न्याय, हक, अधिकार र सुरक्षाको सुनिश्चता गर्न र
- कानूनको उल्लघनमा दण्डनीय बनाउन ।

हाम्रो यस शुद्धोधन गाउँपिलकामा आर्थिक वर्ष २०८०/८१ मा तपसिलबमोजिमका नयाँ विधेयक तथा संशोधित विधेयक निर्माण भएका छन् ।

**<u>नयाँ बनेका विधेयकहरुः</u>**

**मितिः** २०८०/०४/३०

१. विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०

२. शुद्धोधन गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**मितिः** २०८०/०८/०७

३. शुद्धोधन खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०

**मितिः २०८०/०८/२७**

४. शुद्धोधन गाउँपालिका अपाङ्ग लक्षित कर्षि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०१

**मितिः २०८०/०९/०७**

५. शुद्धोधन गाउँपालिका खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

६. मध्यम (ग वर्ग) अपाङ्गता परिचयपत्र वाहक व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यविधि, २०८०

७. शुद्धोधन गाउँपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**मितिः २०८०/०९/१९**

८. शुद्धोधन गाउँपालिका विद्यालय सुधार कार्ययोजना, २०८०

९. संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**मितिः २०८१/०१/१८**

१०. कर्मचारीहरुको आचरण, शिष्टाचार तथा आचार संहिता, २०८०

११. कृर्षि कायक्रम सञ्चालन कार्यविधि, २०८०

१२. शुद्धोधन गाउँपालिका बेरुजु फस्यौंट सम्बन्धी कार्यविधि, २०८१

१३. युवामैत्री स्थानीय तह दिग्दर्शन, २०८०

**सभाध्यक्षज्यू,**

**संशोधन भएका विधेयहरुः**

**मितिः २०८०/०९/०७**

१. स्थानीय विकास कोष (सञ्चालन कार्यविधि), संशोधन, २०८०

२. निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् व्यवस्थापन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को प्रथम संशोधन, २०८०

**मितिः २०८०/०९/१९**

३. वस्ती विकास भवन निर्माण मापदण्ड २०७५ को दास्रो संशोधन, २०८०

४. सार्वजनिक खरिद नियमावली, २०८० दोस्रो संशोधन, २०८०

**समस्याहरुः**

- आवश्यक कानून वा विधेयक समयमा निर्माण हुन नसक्दा कार्य सम्पादनमा जटिलता आइपर्नु,
- निर्माण भएका कानूनहरु चाहेको र खोजेको समयमा उपलब्ध हुन नसक्नु ।

**समाधानका उपायहरुः**

- आवश्यक कानून सरोकारवाला पक्ष तथा निकायसँग समन्वय गरी समयमा निर्माण गर्नुपर्ने,
- निर्माण भएका कानूनहरु सबैको पहुँच पुग्ने गरी अध्यावधिक गरी व्यवस्थित गर्नुपर्ने।

**विधेयक समितिका पदाधिकारीहरुः**

केशव प्रसाद अधिकारी — संयोजक

भिम नारायण चौधरी- सदस्य

लक्ष्मी खत्री — सदस्य-सचिव

# पूर्वाधार विकास समितिको प्रतिवेदन

सभाध्यक्षज्यू म सभाध्यक्षज्युको अनुमतीले आ.व.२०८०/०८१ को पूर्वाधार विकास समितिको प्रतिवेदन प्रस्तुत गर्दछु।

## पृष्ठभुमि

यस प्रतिवेदनमा २०८० श्रावणदेखि हालसम्म पूर्वाधार विकास समिति र यस अन्तर्गतका शाखा/उपशाखाबाट भएका कार्य/क्रियाकलापहरु संक्षिप्त रुपमा समावेश गरिएको छ । आ.व. ०८०/०८१ को योजना सञ्चालनमा उपभोक्ता समिति गठन, योजना सम्झौता, योजना सञ्चालन र भुक्तानी प्रक्रिया अनुगमन गरी चुस्त, दुरुस्त छिटो छरितो बनाउनका लागि विभिन्न संघसंस्था, उपभोक्ता समिती, कर्मचारी तथा जनप्रतिनिधीहरुसँग समन्वय तथा छलफलको माध्यमबाट योजनाहरु समयमा नै सम्पन्न गर्ने प्रयास भएको छ । अब म यस समितिको विषयक्षेत्र काम कर्तव्य र चालु आ.ब.मा पूर्वाधार विकास समितिले गरेको काम कारवाहीको संक्षिप्त जानकारी र यस समिति र अन्तर्गत शाखा/उपशाखाबाट संचालित कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका कमिकमजोरी/समस्या र त्यस सम्बन्धमा समितिका सुझावहरु समेत यहाँहरु माझ राखिएको छ ।

## कार्यक्षेत्रः

- सडक तथा यातायात पूर्वाधार सम्बन्धी,
- जलविद्युत, उर्जा, सडक वत्ती सम्बन्धी,
- सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार सम्बन्धी,
- एफ.एम सञ्चालन सम्बन्धी,
- भवन तथा भवन सम्बन्धी संहिता एवम् निर्माण इजाजत सम्बन्धी,
- जग्गा नाप नक्सा, घरजग्गा धनीपुर्जा सम्बन्धी,
- भू-उपयोग तथा वस्ती विकास सम्बन्धी,

**सभाध्यक्षज्यु**

**विषयगत शाखामा भएका कामहरुः-**

**क)योजना तथा पूर्वाधार विकास**

| सि.न | योजना/ कार्यक्रम | संख्या | सम्झौता भएका | सम्पन्न योजना | कैफियत (सञ्चालनमा) |
|---|---|---|---|---|---|
| १ | उपभोक्ता समिति मार्फत | १३२ | ११७ | ७५ | सञ्चालन / भुक्तानीको प्रक्रियामा रहेका |
| २ | ठेक्का प्रक्रियाबाट | ४२ | ४२ | २५ | १७ |

- प्रदेश समपुरकः ४ वटा रहेका  जसमा ३ वटा सम्पन्न र १ वटा निर्माणाधिन अवस्थामा रहेका छन् ।
- प्रदेश सशर्तः ३ वटा रहेका जसमा  २ वटा सम्पन्न  र १ वटा निर्माणाधिन अवस्थामा रहेका छन्
- संघ समपुरकः १ वटा रहेको २० % काम सम्पन्न भएको ( शुद्धोधन गाउँपालिकाको सभा हल निर्माण)
- संघ विशेषः  १ वटा रहेको  ८० % काम सम्पन्न भएको (भगलापुर मा.वि. को भवन निर्माण)
- संघ ससर्तः १ वटा निर्माणाधिन रहेको ( खेलकुद पूर्वाधार निर्माण वडा नं.४)
- अतः धेरै योजनाहरु सम्पन्न भइ भुक्तानीको चरणमा रहेका छन् ।

**चालु आ.व.मा प्रदेश समपुरकका योजनाहरुः-**

- खुनगावाँ देखि मधुवनी हुँदै लुम्बिनी बुद्ध सर्किट जोड्ने सडक कालोपत्रे ।
- फर्साटिकर हाटबजार देखि जुगडिया हुँदै लुम्बिनी बुद्ध सर्किट जोड्ने सडक कालोपत्रे ।
- हिरापुर गोपालपुर-खजुरीया हुँदै गाउँपालिका कार्यालय जाने सडक कालोपत्रे ।
- सिकरादेखि परौता भाँठा हुँदै लुम्बिनी रोड जोड्ने सडक कालोपत्रे

चालु आ.व.मा प्रदेश सशर्त योजनाहरुः-

- मिलनचोक लक्ष्मणगंज हुँदै फर्साटिकरसम्म सडक स्तरोन्नती वडा नं. ५
- वडा नं. ३ अन्तर्गत शहीद रामेश्वर यादव खेल मैदान पर्खाल तथा गेट निर्माण
- हिरापुरदेखि पूर्व उत्तर बुटवल  उपमहानगरपालिका पहुँच मार्ग सडक स्तरोन्नती वडा नं.

## (ख) भवन तथा बस्ति विकास उपशाखा

घर नक्सा तर्फ

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | घर नक्सा दर्ता | १०१ |
| २ | सम्पन्न प्रमाण पत्र वितरण | ११३ |

जग्गा नापी तर्फ

| | | |
|---|---|---|
| १ | सर्जमिन | १०१ |
| २ | जग्गा रेखांकन | ११७ |

समस्याः

- ➢ निर्माण सामग्रीको अभावका कारण विभिन्न सडक निर्माणमा ढिलाई ।
- ➢ निर्माण व्यवसायीले समयमा काम सुरु नगर्नु ।
- ➢ योजना संचालन /कार्यान्वयनमा उपभोक्ता क्रियाशील नहुनु निष्कर्ष/सुझावः

- समयमा जग्गा प्राप्ती गरी बल्ल बजेट विनियोजन गर्नुपर्ने ।
- योजना अधुरो भएकालाई आगामी आ.ब.मा सम्पन्न गरी संचालनमा ल्याउनुपर्ने ।
- आयोजना कार्यान्वयनमा जनप्रतिनिधिले बिशेष चासो लिनुपर्ने र निरन्तर फ्लोअप गर्नुपर्ने

**अन्त्यमा,**

यस शुद्धोधन गाउँपालिकाको १६ औं गाउँसभामा यस विषयगत समितको गतिविधिलाई प्रतिवेदनमा समेटी गाउँसभा प्रस्तुत गर्ने कार्यसूची मिलाइदिनु भएकोमा सभाअध्यक्षज्यूलाई विशेष धन्यवाद् दिन्छु ।धैर्यतापूर्वक सुनिदिनुभएकोमा सभासदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यू सम्पूर्णमा पूर्वाधार विकास समितिको तर्फबाट धन्यवाद साथै आभार प्रकट गर्दछु । आगामि दिनमा पनि यस समितिबाट तोकिएको क्षेत्र र काम कर्तव्य अनुसार नियमित रुपमा काम हुँदै जाने कुरा जानकारी गराउदैं त्यसमा यहाँहरुको साथ-सहयोग र प्राप्त हुनेछ भन्ने आशा र विश्वासको साथ आजको यो प्रतिवेदन प्रस्तुती अन्त्य गर्दछु।

**संयोजकः उपेन्द्र सहानी**
**सदस्यः गुलवी लोध**
**सदस्यः पवित्रा थारु**
**सदस्यः गौरव लामिछने**
**सदस्यः आशिष भण्डारी**
**सदस्यः ईश्वरी न्यौपाने**
**सदस्य सचिवः गुन्जेश्वरी प्रसाद चौधरी**

**धन्यवाद् ।**

# आर्थिक विकास समितिको वार्षिक प्रगति प्रतिवेदन

सभाध्यक्ष ज्यू, म सभाध्यक्षज्यूको अनुमतीले आर्थिक विकास समितिको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दछु ।

## पृष्ठभूमिः

यस शुद्धोधन गाउँपालिका अन्तरगत गठित विभिन्न विषयगत समितिहरू मध्ये आर्थिक विकास समिति एक हो।यस समिति अन्तरगत कृषि, पशु सेवा, रोजगार, उद्यम विकास, सहकारी तथा स्थानीय विकास कोष, पर्यटन आदि शाखाहरू पर्दछन। गाउँपालिकाको नीति, बजेट कार्यक्रम अनुसार साल बसालि रूपमा संचालन एवम् सम्पन्न गर्नु पर्ने नियमित कार्यक्रमहरू तथा आवश्यक अन्य कार्यक्रमहरूलाई समेत आर्थिक विकास समितिमा छलफल एवम निर्णय गरी संचालन तथा सम्पन्न गर्ने गरिएको छ । यस आ. व. मा आर्थिक विकास समितिको बैठक २० पटक बसेको छ भने विभिन्न कार्यक्रममा स्थलगत अनुगमनमा समेत सहभागि भएको छ।

## २. कार्यक्षेत्रः

- कृषि विकास शाखा
- पशु सेवा शाखा
- रोजगार शाखा
- उद्यम विकास शाखा
- सहकारी तथा स्थानीय विकास कोष शाखा
- पर्यटन विकास

## ३. कार्यप्रगतिः

- आर्थिक विकास समितिको बैठक २० पटक
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बैठक ३ पटक
- स्थानीयतह मल वितरणव्यवस्थापन समितिको बैठक २० पटक
- अपाङ्गता भएका व्यक्ति लक्षित कृषि रोजगार कार्यक्रम बैठक ५ पटक
- सहकारी अनुगमन २ पटक (३५ वटा सहकारी)
- मागमा आधारित कार्यक्रमको स्थलगत अनुगमन ५ पटक
- गहुँ उन्नत बिउँ प्रयोगको उत्पादन अवस्थाको स्थलगत अनुगमन १४ पटक

- सामाजिक परिचालन समिति बैठक ४ पटक

| क्र.सं. | कार्क्रम | स्वीकृत वजेट | खर्च | प्रगतिको अवस्था | | |
|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति प्रतिशत | कैफियत |
| **कृषि विकास शाखा तर्फः** | | | | | | |
| १. | मागमा आधारीत ५० प्रतिशत अनुदान | ४ लाख | ३८६७०० | १०० | ९७ | १६ जना किसानलाई |
| २. | च्याउको विउ बितरण | २ लाख | १९२३५० | १०० | ९६ | २६०० जनालाई वितरण |
| **पशु सेवा शाखा तर्फ** | | | | | | |
| १. | सामुदायिक कुकुर बन्ध्याकरण | ४ लाख | ३९९८५० | १०० | ९९ | १४० कुकुर |
| २. | बाँझोपन निवारणका लागि घुम्ति शिविर घरदैलो कार्यक्रम | २ लाख | १९५५२३ | १०० | ९८ | ७४वटा गाई भैंसी उपचार |
| **रोजगार विकास शाखा** | | | | | | |
| १. | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि कृयाकलाप संचालन | ६०००० | ६०००० | १०० | १०० | १४४ जना सहभागि |
| २. | योजना अभिमुखिकरण तथा सुचिकृत वेरोगार | १५००० | १५००० | १०० | १०० | ६५ जना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ब्यक्तिलाई परिचयपत्र वितरण | | | | | |
| **उद्यम विकास शाखा** | | | | | | |
| १. | सिलाई कटाई तालिम | ४८२२०० | ४३१९१५ | १०० | ९० | ४० जनालाई वडा नं.३ र ४ |
| २. | ब्यूटिपार्लर तालिम | १८८६०० | १६८५६३ | १०० | ९० | १७ जना लाई वडा नं. ३ र ४ |
| **सहकारी शाखा** | | | | | | |
| १. | सहकारी तथा गरिवि सम्बन्धि ब्यवस्थापन सुचना प्रणालि तथा सम्पत्ति शुद्धिकरण तालिम | १लाख | ९२९५० | १०० | ९२ | ६० जना सहभागि |
| २. | सहकारी ब्यवस्थापन तथा पर्लस अनुगमन तालिम | १लाख२०हजार | ११९०८० | १०० | ९९ | ६२ जना |
| **स्थानीय विकास कोष तर्फ** | | | | | | |
| १. | समुह गठन तथा वित्तिय साक्षरता तालिम | १ लाख | ९२३९० | १०० | ९२ | २८० जना सबै वडामा |
| २. | समुह तथा लेखा ब्यवस्थापन तालिम | १ लाख | ९९५०० | १०० | ९९ | ८० जना वडा नं. २ र ५ |

## ४. समस्या र चुनौतीहरूः

सर्वाङ्गिण विकासको मेरुदण्ड आर्थिक र आर्थिक विकासको आधार कृषि, पशु, उद्यम विकास, रोजगार, सहकारी तथा स्थानीय विकास कोष, पर्यटन विकास क्षेत्र भएकोले सो क्षेत्रको वृद्धि विकासका लागि न्यून बजेट विनियोजन हुनु जनताका प्राथमिकता र आवश्यकतालाई पुर्ति गर्नका लागि गाउँपालिकाले नीति बनाउने तर कार्यक्रममा प्रत्येक वर्ष नयाँ र ठूला ठूला आयोजनाहरू समावेश गर्न नसकिने भएकोले समस्या प्रत्येक वर्ष दोहोरिदैं गएका छन्।

## ५.सुझाव/निष्कर्षः

**सभाध्यक्षज्यू**

बजेट कमि भएको अवस्थामा पनि जनताका आधारभूत आवश्यकताहरूलाई समेट्दै प्रत्येक वर्ष साल बसाली रूपमा कार्यक्रम संचालन गर्दै आइरहेको छ।आर्थिक विकास समिति अन्तरगतका शाखाहरूमा बजेट थप गर्नु पर्ने देखिन्छ।

## ६. समितिका पदाधिकारीहरूः

१. संयोजक श्री कमल खड्का क्षेत्री

२. सदस्य श्री राम मिलन लोध

३. सदस्य श्री अनिल कुमार मौर्य

४. सदस्य श्री गौरव लामिछाने

५. सदस्य श्री मान बहादुर भण्डारी

६. सदस्य श्री कविता गौडेल

७. सदस्य श्री रमेश रेग्मी

८. सदस्य श्री उषा तामाङ्ग

९. सदस्य सचिव श्री भुमिश्वर खनाल

**धन्यवाद**

**"जय शुद्धोधन जय आर्थिक विकास**

# वन,वातावरण तथा विपद् ब्यवस्थापन समितिको प्रतिवेदन

सभाअध्यक्षज्यू म सभाअध्यक्षज्यूको अनुमतीले आ.व. २०८०/८१ को वन, वातावरण तथा विपद् ब्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत् गर्दछु ।

**पृष्ठभूमिः**

शुद्धोधन गाउँपालिका कार्यपालिकाको कार्यालय मानपकडी अन्तर्गत गठित बिभिन्न समितिहरू मध्ये वन, वातावरण तथा पिपद् ब्यवस्थापन समिति पनि एक हो।यस समिति अन्तर्गत बन, वातावरण, विपद् ब्यवस्थापन, भू-संरक्षण र खानेपानी तथा सरसफाई आदि कार्य क्षेत्रहरू पर्दछन। गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रममा यस समितिका लागि बिभिन्न योजना तथा कार्यक्रमहरू छनोट भई यसै योजना तथा कार्यक्रम अन्तर्गत यस समितिको बिभिन्न मितिहरूमा बैठक बसि कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्ने गरिएको छ ।

**कार्यक्षेत्रः**

१. वन, वातावरण
२. विपद् ब्यवस्थापन
३. भू-संरक्षण
४. खानेपानी तथा सरसफाई

**कार्य प्रगतिः**

वन, वातावरण तथा पिपद् ब्यवस्थापन समितिको बिभिन्न मितिहरूमा १३ पटक बैठक बसि बिभन्न प्रस्ताव तथा निर्णयहरूमा छलफल गरी बिभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

**सभाअध्यक्ष ज्यू**

**समितिबाट भए गरेका बार्षिक कार्यक्रमहरूः**

१. आगलागि , अति विपन्न, मृत्यु भएका तथा आर्थिक अवस्था कम्जोर भएका नागरिकहरुका लागि बिभिन्न समयमा समितिको बैठक बसि रु. ११८०००/- राहत वितरण गरिएको छ ।

२. चिसो तथा शितलहर बाट प्रभावित हुन नदिन शुद्धोधन गाउँपालिका भित्र रहेका सम्पर्ण वडाहरुमा अति बिपन्न, अशक्ता तथा जेष्ठ नागरीकहरुलाई ३८५ थान न्यानो कपडा कम्बल (बलाङ्केट) वितरण गरिएको ।

३. बर्षात तथा बाढीले क्षति पुर्याएको कुलो नाला , कल्भर्ट तथा सडक मर्मत गर्ने काम सम्पन्न गरिएको छ ।

४. फोहर मैलाको उचित ब्यवस्थापनको लागि पालिका भित्रका सम्पुर्ण वडाहरुबाट फोहरमैला उठाउने कार्य सुचारु तथा पहल गरियो।

५.शद्धोधन गाउँपालिका वडानं. ५ मानपकडी दरवाहघाटको फोहरमैलालाई खाल्टो खनि उचित ब्यवस्थापन गरिएको साथै वातावरणिय स्वच्छता कायम गर्नकालागि सार्वजनिक सूचना बोर्ड राखिनका साथै समय समयमा मशानघाटको सरसफाई भइरहेको ।

६. नदी कटान तथा भू संरक्षण जलाधार संरक्षणका लागि दानव नदी र तिनाउँ खोलामा तटबन्ध निर्माण कार्य अगाडी बढाईएको ।

७. यस आ. व. ०८०/०८१ नदि नियन्त्रण तथा तटबन्ध निर्माण रू. ५० लाख बाट वाड नं. १ परौता भाठा वडा नं. ६ गुरौलि भैरहवा, वडा नं. ७ को सिसुवामा तटबन्ध निर्माण काम सम्पन्न भएको र वडा नं. ५ को चप्परखोलाको खैरेनीमा तटबन्ध निर्माण कार्य अघि बढाइएको छ ।

**समस्याः**

यस बन, वातावरण तथा विपद् ब्यवस्थापन समिति अन्तर्गत फोहरमैला ब्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईड निर्माण गर्न फोहरमैला डम्पीङ्ग एरियाको लागि अनुगमन कार्य भएको र प्रतिवेदन तयार भई वडा न. ६ , ७ र ३ संग सहमति मागेकोमा सहमति उपलब्ध नभएकोले फोहरमैला ब्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईड निर्माणमा ठूलो समस्या देखिएको छ ।

**सुझावः**

यस समितिको बैठकमा भएका निर्णयहरूलाई कार्यान्वयन गर्न जनप्रतिनिधि, कर्मचारी तथा आम नागरिकहरूको सल्लाह, सुझाव समन्वय र सहकार्यमा हातेमालो गर्दै दीर्घरूपमा अघि बढनुपर्ने अति आवश्यक देखिएको छ ।

**अन्त्यमा,**

यस शुद्धोधन गाउँपालिकाको १६औं गाउँ सभा शान्त तथा सौहार्दपूर्ण बातावरणमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरू, बिभिन्न समितिका पदाधिकारीहरू ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, बिषयगत शाखाका प्रमुख तथा कर्मचारीहरू, संचारकर्मी ज्यूहरू तथा सम्पूर्णमा यस वन, बातारण तथा बिपद् ब्यवस्थापन समितिको तर्फबाट हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहान्छौं

**वन,बातावरण तथा विपद् ब्यवस्थापन सिमितिका पदाधिकारीहरूः**

१. संयोजक श्री चन्द्रभान चौधरी थारू

२. सदस्य श्री मुरलीधर लोनिया

३. सदस्य श्री रूक्मीणि थारू

४. सदस्य श्री केशवराज भट्टराई

५. सदस्य श्री लक्ष्मण खत्री

६. सदस्य सचिव श्री प्रांशु ढकाल

**धन्यवाद**

# न्यायिक समितिको वार्षिक प्रतिवेदन

**सभाध्यक्षज्यू,** म सभाध्यक्षज्यूको अनुमतिले न्यायिक समितिका संयोजक देशबाहिर रहनुभएकोले उहाँको जिम्मेवारी प्राप्त गरी चालु आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्दछु ।

**<u>पृष्ठभूमिः</u>**

कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा विवादको निरुपण गर्न प्रत्येक गाउँपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था नेपालको संविधानको धारा २१७ ले गरेको छ । गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति गठन हुन्छ । न्यायिक समितिमा संयोजकको अतिरिक्त दुई जना सदस्य गाउँ सभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गर्नुपर्छ।

**न्यायिक समितिको अधिकार क्षेत्र**

स्थानय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्र अन्तर्गत दुई प्रकारका अधिकार क्षेत्र छन् । मेलमिलाप हुन नसकेका आफैले (कारबाही र किनारा) निरुपण गर्ने मुद्दा वा विवाद अन्तर्गत निम्न अनुसार रहेका छन्।

- आली धुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
- अर्काको बाली नोक्सानी गरेको,
- चरन, घाँस दाउरा,
- ज्याला मजदुरी नदिएको,
- घरपालुवा पशुपंक्षी हराएको वा पाएको,
- ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
- नाबालक छोरा छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षादिक्षा नदिएको,
- वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
- अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
- आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
- संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

- कसैको हक वा स्वामीत्वमा भए पनि परापूर्वदेखि सार्वजनिकरुपमा प्रयोग हुँदै आएको बाटो, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,
- सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद रहेका छन्।

**सभाध्यक्षज्यू,**

**न्यायिक समितिले मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने मुद्दा वा विवादहरुः**

- सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,
- सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
- पति- पत्नीबिचको सम्बन्ध विच्छेद,
- अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
- गाली बेईज्जती,
- लुटपिट,
- पशुपंछी छाडा छाडेको वा पशुपंछी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
- अरुको आवासमा अनधिकृत प्रवेश गरेको,
- अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको,
- ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको,
- प्रचलित कानून मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादहरु यस अन्तर्गत राखिएका छन्।

न्यायिक समितिले न्यायिक कार्यविधि ऐनको अनुसूची-८ अन्तर्गत देहाएबमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारबाही किनारा गर्नेछ।

१. व्यक्तिको हकमा उजुरीका कुनै पक्ष गाउँपालिका वा नगरपालिकाको भौगोलिक क्षेत्राधिकारभित्र रहेको,
२. प्रचलित कानुन र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकारभित्र नरहेको,
३. गाउँपालिका वा नगरपालिकाको क्षेत्राधिकारभित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरिएको,

४. अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति गाउँपालिका वा नगरपालिकाको भौगोलिक क्षेत्राधिकारभित्र रहिरहेको तथा
५. कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना गाउँपालिका वा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र घटेको।

**सभाध्यक्षज्यू,**

न्यायिक समितिको आर्थिक वर्ष २०८०/८१ को हालसम्मको प्रगति विवरण :

| क.स | क्रियाकलाप/कार्यक्रम | लाभाग्राही संख्या | | | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | कुल | |
| १. | विवाद न्युनिकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | सम्पन्न भएको र जसबाट लाभान्वित संख्या-५८ | | | |
| | किशोरकिशोरीहरुको लागि सचेतनामुलक कार्यक्रम | ३८ | २० | ५८ | |
| २. | मेलमिलापकर्तालाई पूनर्ताजगी कार्यक्रम | सम्पन्न भएको र जसबाट लाभान्वित संख्या-७९ | | | |
| | सामुदायिक मेलमिलाप पुनर्ताजगी प्रशिक्षण कार्यक्रम | ७७ | २ | ७९ | |

**न्यायिक समितिका उजुरीहरूको विवरणः**

| क.स | विवरण | संख्या |
|---|---|---|
| १. | न्यायिक समितिमा परेको उजुरी | ३३ वटा |
| २. | न्यायिक समितिमा मेलमिलाप भएको | ८ वटा |
| ३. | वडा कार्यालयमा पठाइएको | ७ वटा |
| ४. | पहिलो/दोस्रो पक्ष अनुपस्थित | २ वटा |
| ५. | अन्य/माथिल्लो निकायमा पठाइएको | ६ वटा |
| ६. | पटक पटक बस्दा पनि प्रमाण नपुगेर पुनः बस्नुपर्ने | ६ वटा |
| ७. | प्रक्रियामा रहेका बाँकी | ४ वटा |

**विवाद समाधानका समस्याहरुः**

- पक्ष विपक्षलाइ बारम्बार पत्र पठाइ उपस्थित गराउँदा दोस्रो पक्ष उपस्थित हुन नसकेकोले
- कुनै उजुरी दर्ता भएको तर स्थानीय स्तरमै मौखिक उपचार हुने गरेको,
- मेलमिलाप केन्द्रमा पठाउदा निवेदक पक्ष जान नमानी पुन न्यायिक समिति समक्ष आउदा छिटो फछ्यौट हुन नसकेको,
- न्यायिक समितिमा उजुरी दर्ता गरी अन्य निकायमा जाने गरेको जस्तै जिल्ला प्रशासन कार्यालय, प्रहरी चौकी, अदालत आदी ।

**समाधानका उपायहरुः**

- न्यायिक समितिको महत्व बुझाउनका लागि सचेतनामूलक कार्यक्रम तथा प्रचारप्रसार गर्नुपर्ने,
- मेलमिलापकर्तालाई समय सन्दर्भ अनुसारको तालिम, गोष्ठी, सेमिनार जस्ता अवसर प्रदान गर्नुपर्ने,
- न्यायिक इजलास गठन गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।

**न्यायिक समिति पदाधिकारीहरूः**

संयोजक- शान्तादेवी ज्ञवाली

सदस्य- चन्द्रभान चौधरी थारु

सदस्य- नेपाल कुर्मी

उजुरी प्रशासक- लक्ष्मी खत्री

## धन्यवाद!

# सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन

**सभाध्यक्षज्यू, म सभाध्यक्षज्यूको अनुमतिले सुशासन तथा संस्थागत विकास समितिको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्दछु।**

**पृष्ठभुमि**

सुशासन तथा संस्थागत विकास समिती यस गाउँपालिकाको महत्वपुर्ण समिति हो।यस समितिको कार्यक्षेत्र अन्तर्गत स्थानीय सेवा तथा जनशक्ति व्यावस्थापन,सङ्गठन तथा क्षमता विकास,सार्वजनिक खरिद तथा सम्पत्ति व्यावस्थापन,वित्तिय जोखिम न्युनिकरण,सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षण,साममाजिक परिक्षण,अन्तर निकाय समन्वय,सेवा प्रवाह मापदण्ड आदि विषय वस्तु पर्दछन्। आ.व.२०८०/०८१ मा गरेका महत्वपूर्ण कार्य तथा कार्यसम्पादका क्रममा देखा परेका समस्याका पेश गर्दछु।

१.यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु शिक्षण संस्था, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुमा विद्युतिय हाजिर गर्ने व्यावस्था मिलाईएको छ।

२.सार्वजनिक खरिद ऐनको पूर्ण रुपमा कार्यान्वयन गर्दे खरीद प्रक्रिया सञ्चालन गरिएको छ।

३.गाउँपालिकाको कार्यालय तथा माताहतका कार्यालयहरुमा सूचना अधिकारीको व्यावस्था गरिएको छ।

४.सामाजिक सुरक्षा भत्ता विद्युतिय माध्यमवाट सोझै सेवाग्राही खातामा पठाउने व्यावस्था मिलाईएको छ।

५.गाउँपालिका भित्रका सम्पूर्ण इच्छुक विद्यार्थीहरुलाई समेटि नायव सुब्बा तयारीको एक महिने लोक सेवा आयोग कक्षा संचालन गरियो ।

६.समय समयमा बजार अनुगमन गरी अखाद्य वस्तु नियन्त्रमा लिइ व्यावस्थापन गरीएको छ।

७.गाउँपालिका तथा मातहतका कार्यालयहरुमा सेवाप्रवाहलाई प्रभावकारी वनाउने गरी कर्मचारी व्यावस्थापन गरीएको छ।

८.नियमित रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह,विकास निर्माण तथा कार्यालयका गतिविधिका सम्वन्धमा गाउँपालिका बासीहरुबाट पृष्ठपोषण लिई कमिकमजोरीहरु सुधार्दै लगिएको छ।

**समस्या**

१.शाखाहरु बिचको समन्वयको अवस्था कमजोर छ।

२.सार्वजनिक सुनुवाई जस्ता कार्यक्रवाट प्राप्त गुनासो पुर्ण रुपमा सुनुवाई गर्न सकिरहेको अवस्था छैन।

३.कार्यक्रममा दोहोरोपना भएको गुनासो सुनिने गरेको छ।

**सुझाव**

१.शाखाहरु विच प्रभावकारी समन्वय गर्ने।

२.जनगुनासो प्राप्त हुनासाथ कानुनको परिधिमा रहि सम्बोधन गर्ने।

३.कानुनी मुल्यमान्यता आत्मसाथ गरेर कार्य गर्ने सस्कृतिको विकास गर्ने।

**सुशासन तथा संस्थागत विकास समितिका पदाधिकारी**

संयोजक - भीमनारायण चौधरी

सदस्य - बालकृष्ण पराजुली

सदस्य - सुनिता पासी

सदस्य - इश्वरी न्यौपाने

सदस्य - प्रेम कुँवर

सदस्य - कृष्णप्रसाद घिमिरे

सदस्य सचिव- डिल्ली राज अर्याल

अन्त्यमा,

यस गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रममा उपस्थित सम्पूर्ण सभा सदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुख उपस्थित सम्पुर्ण कर्मचारी तथा पत्रकारहरुलाई सुशासन तथा संस्थागत विकास समितिको तर्फबाट आभार तथा धन्यवाद प्रकट  गर्दछु।

# सार्वजनिक लेखा समितिको प्रतिवेदन

**सभाध्यक्षज्यू,**

सभाध्यक्षज्यूको अनुमतिले म चालु आर्थिक वर्षको कुल बजेट र सो को हालसम्मको प्रगति विवरण, श्रावण देखि जेठ मसान्तसम्म गाउँपालिका र वडाबाट संकलित आन्तरिक आयको यथार्थ विवरण र गाउँपालिकाको आजसम्मको बेरुजु सम्बन्धी विवरण यहाँहरु माझ प्रस्तुत गर्दछु।

हामीले सार्वजनिक सरोकार राख्ने आर्थीक गतिविधिहरुका छानबिन गर्ने प्रयास गरेका छौं। यसै क्रममा हामीले गाउँपालिका अन्तर्गतका सात वटै वडाका वडा कार्यालयहरुको विभिन्न समयमा औपचारिक तथा अनौपचारिक रुपमा स्थलगत अनुगमन गरि वडाको राजश्व संकलनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनका लागि सम्बन्धित कर्मचारीहरुसँग राजश्व व्यवस्थापनको समग्र प्रक्रियाको सम्बन्धमा आवश्यक छलफल गरेका छौं । स्थलगत अनुगमनबाट देखिएको वडाहरुको राजश्व व्यवस्थापन प्रणालिको यथार्थ अवस्थालाई चित्रण गरिएको छ

**सभाध्यक्षज्यू ,**

## वार्षिक बजेटको प्रगति विवरण

यस आर्थिक वर्ष २०८०/८१ मा विनियोजित भएका सातवटै वडा तथा गाउँपालिकाको कुल बजेट रु. **६५,१५,५६,७८२**/- रहेको जसमा चालुतर्फको हालसम्मको खर्च २७,०८,९५,५६७/- (७०.१९ प्रतिशत) र पूँजीगत तर्फको कुल बजेटमा हालसम्मको खर्च ८,१४,३२,२८१/- (३०.६५ प्रतिशत) रहेको देखिन्छ । गाउँसभाको १४ औ अधिवेशनबाट वडाहरुलाई १ करोड दरले बजेट विनीयोजन भएकोमा हालसम्म गाउँपालिकाबाट भएको भुक्तानीको खर्च तपशिल बमोजिमको रहेको छ।

**तपशिलः**

| वडा | चालु खर्च (प्रतिशतमा)<br>प्रशासनिक तर्फको | पूँजीगत खर्च (प्रतिशतमा)<br>विकास तर्फको |
|---|---|---|
| वडा नं. १ | ७५.५१ | ० |
| वडा नं. २ | ५८.२८ | २९.१२ |
| वडा नं. ३ | ७०.२२ | ६०.३१ |
| वडा नं. ४ | ६४.५६ | ४६.६८ |
| वडा नं. ५ | ८३.६५ | ५०.०५ |
| वडा नं. ६ | ६०.०५ | ५.९० |
| वडा नं. ७ | ८०.३७ | ४४.६७ |
| विषयगत शाखा | ५३.७४ | १२.५३ |

माथिको तथ्याङ्कले गाउँपालिका तथा वडाको चालु खर्चको तुलनामा पूँजीगत खर्च ज्यादै न्यून रहेको प्रतिबिम्बित गर्दछ । चालु आ.व.को ११ महिना बितिसक्दा पनि उल्लेखनिय खर्च नहुनु भनेको वित्तिय सुशासन कार्यान्वयनको अवस्था कमजोर रहेको इंकित गर्ने हुँदा सम्बन्धित पक्ष समयमै जिम्मेवार बन्नु आवश्यक देखिन्छ ।

**सभाध्यक्षज्यू ,**

## गाउँपालिका तथा वडाहरुको राजश्व व्यवस्थापन प्रणालीको यथार्थ अवस्था

गाउँपालिका र वडाहरुको जेठ मसान्तसम्मको आन्तरिक आयको विवरण

| वडा र गाउँपालिका | सम्पति कर | भूमिकर मालपोत | घर बहाल कर | व्यवसाय रजिष्ट्रेशन दस्तुर | सिफारिस दस्तुर | व्यक्तिगत घटना दस्तुर | नक्सा पास दस्तुर | अन्य दस्तुर | अन्य राजश्व | अन्य कर | प्रशासनीक दण्ड, जरिवाना र जफत | नदिजन्य पदार्थ र माटोबाट प्राप्त राजश्व | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | २४६३०१ | २३५७९८ | १११३०० | ७७६०० | ३३१०६७ | १०८८०० | ० | ६००० | ५१०७७३ | २८८५६ | ० | ० | **१६,५६,४९५** |
| वडा नं. २ | ११६८३६ | ५६९१०३ | ११९४२९ | २६४४३५ | ४९०४८६ | ५६७०० | ५०० | २१००० | १०४३१५३ | ८१८३१ | ० | ० | **२७,६३,४७३** |
| वडा नं. ३ | ७०८६२ | ४२४६२१ | २३२२४९ | २३५५०० | ५८७१०३ | ४५४०० | ५६१५ | ७००० | ५२४७८१ | ९८७४० | ० | ० | **२२,३१,८७१** |
| वडा नं. ४ | १११८५० | ३९०७१३ | ३३३२५० | १०२२६०० | २०११०६३ | ३०४०० | ० | ७००० | ९२०१८ | ८४५७१५ | ० | ० | **४८,४४,६०९** |
| वडा नं. ५ | ४५८४६ | ५१०९७४ | ५५७५८५ | ३०६०९४ | ३७६५८५ | ४५३०० | ० | ४३५०० | ५३८७२७ | ६८९४४ | ० | ० | **२४,९३,५५५** |
| वडा नं. ६ | १८५०० | ३७१४२७ | ५०००० | २५४७०० | २३६३४० | ८९८०० | ४१८० | ५२५०० | २१२४३३ | ३१३६८ | ० | ० | **१३,२१,२४८** |
| वडा नं. ७ | १९२३९ | ४७८४६३ | ० | ६७४४० | २६०२७० | ८०१०० | ० | ३९००० | ३४०३७० | २८९५० | ० | ० | **१३,१३,८३२** |
| गाउँपालिका | ० | ० | ७६६०८ | ० | ४५०० | ० | ७५१८०९ | ५९००० | ४९९६९९ | १२००० | ११०३२७ | ४९३८७४५१ | **५,०९,०१,३९४** |
| जम्मा | ६२९४३४ | २९८१०९९ | १४८०४२१ | २२२८३६९ | ४२९७४१४ | ४५६५०० | ७६२१०४ | २३५००० | ३७६१९५४ | ११९६४०४ | ११०३२७ | | **६,७५,२६,४७७** |

## हालसम्मको बेरुजु सम्बन्धी विवरण

| सि.नं. | आ.व. | बेरुजु रकम | फछ्यौट रकम | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७७/७८ सम्मको | ८५१७३१३५ | २,४९,८७,९६२ | ६,०१,८५,१७३ | |
| २ | ०७८/७९ | ५४१९६००० | ० | ५,४१,९६,००० | |
| | जम्मा | | | **११,४३,८१,१७६** | |

## आ.व.२०७९/८० को बेरुजु विवरण

| सि.नं. | बेरुजुको प्रकार | बेरुजु रकम | फछ्यौट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | **असुल गर्नुपर्ने** | ३२,९६,२४८ | १,४९,८४० | बाँकी फछ्यौंटको कार्य भई रहेको |
| २ | **प्रमाण पेश गर्नुपर्ने** | २२,२६,७२० | | प्रमाण संकलन भई रहको |
| ३ | **नियमित गर्नुपर्ने** | २,४४,०३,५४७ | | फछ्यौंटका लागि सभामा पेश हुने |
| ४ | **पेश्की** | ३४,९४,९३८ | २७,०४,९३८ | बाँकी पेश्की फछ्यौंटको तयारीमा |
| | **जम्मा** | **३,३४,२१,४५३** | | |

## सुधारका सुझावहरु

- वडा नं. ५ अन्तर्गत पर्ने मानपकडी चोकका पुरानो वडा कार्यालयसँगै रहेका सम्पुर्ण सटरहरुको अगाडी रहेको प्रतिक्षालय अन्यत्र व्यवस्थापन गरी सटर भाडामा लगाउन पर्ने देखिन्छ। वडा नं.५ मा स्थित गाउँपालिकाको सभा हललाई मर्मत तथा सरसफाई गरी सदुपयोगमा ल्यानुपर्ने देखिन्छ ।
- गाउँपालिकाको पहिचानको रुपमा रहेको दरबाह मेला संचालनलाई व्यवस्थित गर्दै लैजान पर्ने देखिन्छ ।
- गाउँपालिका अन्तर्गतका बियर फ्याक्ट्रि, गत्ता कम्पनि, खनाल ईँटा, नम्बर वान ईँटा, वडा नं. १ को पेट्रोल पम्प, देउराली ह्याचरी लगायतका ठुला व्यवसायिहरु पुर्ण रुपमा राजश्वको दायरामा नआएको देखिन्छ । विगतका वर्षहरुमा एक दुई पटक राजश्व बुझाए पनि हाल अधिकांश ठुला व्यवसायिहरुले राजश्व बुझाउने नगरेको अनुगमनबाट देखिएको हुँदा गाउँपालिकाले वडाहरुसँग समन्वय गरि आवश्यक पहल गर्नु जरुरी देखिन्छ ।

- वडा नं ६ र ७ मा रहेका माछ्रापालन र वडा नं. १ मा रहेका पशुपालन सम्पुर्ण व्यवसायीहरु केही मात्रमा दर्ता भएता पनि पूर्णरुपमा दर्ता भएको देखिदैन । जसले गर्दा गाउँपालिकाभित्र कति त्यस्ता कृषि व्यवसायीहरु छन् भन्ने वास्तविक तथ्याङ्क नभएको एकातिर देखिन्छ भने अर्कोतिर नाफामुलक कृषि व्यवसाय गर्ने व्यवसायीहरुबाट प्राप्त गर्ने लाखौं राजश्व रकम गाउँपालिकाले वर्षेनि गुमाउँदै आएको देखिन्छ । यसका लागि गाउँपालिका प्रशासन, वडा कार्यालय र कृषि तथा पशु शाखाबिचमा प्रभावकारी समन्वय हुनु आवश्यक देखिन्छ ।
- वडा अन्तर्गत रहेका सम्पुर्ण व्यावसायिक संघ सँस्था, फर्म, पसलहरु गाउँपालिकामा दर्ता गरि राजश्वको दायरामा ल्याउनु पर्नेमा केही दर्ता भएपनि अधिकांस नभएको देखिन्छ । साथै दर्ता भएका संघसँस्थाहरुले पनि समयमै नविकरण गर्ने गरेको देखिदैंन । यसका लागि गाउँपालिकाले वडा कार्यालयहरुसँग समन्वय गरि नियमित रुपमा बजार अनुगमन गर्नुपर्ने जरुरी देखिन्छ ।
- ४ नं. वडाको पुरानो कार्यालय भवनमा बिना सम्झौता व्यापार संघ र सी.एल.सी. जस्ता संस्थाहरु निःशुल्क बसेको देखिन्छ । उक्त संस्थाहरु सम्झौता बेगर बसेको जसले गर्दा वडालाई व्ययभार थपिएको साथै गाउँपालिकाले उक्त भवनबाट प्राप्त गर्ने आम्दानि वर्षेनी गुमाउँदै गएको हुँदा सम्बन्धित पक्षले तत्काल आवश्यक प्रक्रिया पूरा गरि भाडामा लगाउनु पर्ने आवश्यक रहेको देखिन्छ।
- प्रत्येक वडा कार्यालयहरुमा राजश्व संकलनका लागि गाउँपालिकाले एकजना कर्मचारीको छुट्टै व्यवस्था गरेको देखिन्छ । विशेष कारणले सम्बन्धित कर्मचारी अनुपस्थिति हुँदा सम्बन्धित वडाको राजश्व संकलन पुर्ण रुपमा प्रभावित हुने हुँदा गाउँपालिकाले सम्पुर्ण वडा सचिवहरुलाई तत्काल राजश्वको तालिम दिई राजश्व संकलनको काममा दक्ष बनाउन आवश्यक देखिन्छ ।
- राजश्व संकलनको काम अति संवेदनशिल विषय भएतापनि अधिकांश वडाहरुमा राजश्व संकलनमा ज्यालादारी कर्मचारी संलग्न रहेको देखिन्छ । यसले उच्च वित्तिय जोखिम सिर्जना गर्ने हुँदा सकेसम्म स्थायी कर्मचारीलाई राजश्व संकलनमा लगाउनु पर्ने सो नभए न्युनतम करारको कर्मचारीको व्यवस्था गर्नुपर्ने र पालिकाभित्र पर्याप्त करारको कर्मचारी हुन नसके आवश्यक प्रक्रिया पूरा गरि करारमा लैजानु आवश्यक देखिन्छ ।

- वडा नं.१ मा निर्माण भएको वडा कार्यालय तथा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भएतामा पनि हाल सम्म पनि नयाँ कार्यालयमा नसर्दा आधारभूत स्वास्थ्य केन्द्र भाडामा रहदा कार्यालयलाई आर्थिक व्ययभार रहेकोले सो सम्बन्धमा सम्बन्धित वडा तथा स्वास्थ्य केन्द्रलाई यथासिघ्र सर्नपर्ने देखिन्छ ।
- यस शुद्धोधन गाउँपालिकालाई स्मार्ट पालिका बनाउनका लागि संचालन गरिएको इ-सिफारिस सम्बन्धी कार्यलाई व्यवस्थित बनाउनु पर्ने र त्यसका लागि आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- शुद्धोधन गाउँपालिकाको हालसम्मको लेखा परीक्षण प्रतिवेदन हेर्दा नियमित हुनुपर्ने बेरुजु, प्रमाण पेश गर्नुपर्ने बेरुजु तथा असुल हुनुपर्ने बेरुजु अधिकमात्रा रहेको देखिन्छ । यस विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्दा देखिनै सुधार गर्दै जानुपर्ने तथा कार्यान्वयनमा समेत कडाई गरी हालसम्म रहेका बेरुजुहरु समयमै फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**अन्त्यमा,**

यस शुद्धोधन गाउँपालिकाको गाउँसभा १६ औ अधिवेशन कुशलपूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पुर्ण गाउँसभा सदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुख तथा पदाधिकारीज्यूहरुलाई लेखा समितिको तर्फबाट धन्यवाद साथै आभार प्रकट गर्न चाहन्छौं । आगामि दिनमा पनि यस समितिबाट गाउँपालिका र सो मातहतका शाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य चौकी, विधालय लगायतका सार्वजनिक संस्थाहरु र सार्वजनिक सरोकारका कार्यक्रमहरुको नियमित रुपमा अवलोकन तथा अनुगमन गरिने कुरा जानकारी गराउदैं त्यसमा यहाँहरुको साथ-सहयोग, सुझाव र सल्लाह प्राप्त हुनेछ भन्ने आशा र विश्वासको साथ आजको यस प्रतिवेदनको प्रस्तुती अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

संयोजकः श्री तारक बहादुर कुँवर
सदस्यः श्री भिम बहादुर छहरी
सदस्यः श्री भुनेश्वर थारु